शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३/०५/१५ गतेको
मानीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

# विद्यालय शिक्षाको गुणस्तरसम्बन्धी मापदण्ड तथा सूचक,२०८३

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

# विद्यालय शिक्षाको गुणस्तरसम्बन्धी मापदण्ड तथा सूचक,२०८३

## १. परिचय

शिक्षाले व्यक्तिगत, सामाजिक तथा सांस्कृतिक विकास, नैतिक मूल्य तथा मान्यताको प्रवर्धन, आर्थिक उन्नति र रोजगारीको अवसरको विस्तारमा योगदान गर्नुपर्छ। त्यस्तै शिक्षाले व्यक्तिको सशक्तीकरण, असल नागरिकको विकास, सामाजिक समानताको प्रवर्धन र राष्ट्रिय विकासको आधारका रूपमा समेत योगदान गर्नुपर्छ। शिक्षाले व्यक्ति, समाज तथा राष्ट्रको उन्नति तथा भलाइमा गर्ने यस्तो योगदान नागरिकले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा निर्भर हुने भएकाले शिक्षाको गुणस्तर विकासमा सबैको चासो रहेको छ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा, सन् १९४८ तथा बाल अधिकारसम्बन्धी महासन्धि, सन् १९८९ ले विद्यालय शिक्षालाई मानव अधिकारका रूपमा परिभाषा गरी बालबालिकालाई कम्तीमा प्राथमिक शिक्षामा सहज र समान पहुँच पुऱ्याउने कार्यलाई सरकारको दायित्वका रूपमा लिएको छ। यसका लागि हामीले गुणस्तरीय विद्यालय शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्ने संवैधानिक दायित्व पूरा गर्नुपर्ने छ। त्यसै गरी दिगो विकासका लक्ष्य (SDGs) जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ। यी मान्यता, दायित्व तथा प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय शिक्षामा सहज तथा समान पहुँच सुनिश्चित गर्नुका साथै विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नु आवश्यक छ।

नेपालमा एकातिर विद्यालय शिक्षाको पहुँचमा भएको उल्लेख्य प्रगतिअनुरूप गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन भने अर्कातिर शैक्षिक उपलब्धिबिच विभिन्न स्वरूपका असमानता विद्यमान छन्। विद्यालय शिक्षाका सन्दर्भमा गुणस्तर के हो र कसरी सुनिश्चित गर्ने भन्ने सम्बन्धमा अवधारणात्मक स्पष्टताको अभाव पनि देखिएको छ। यसले शिक्षा विकासको नीति निर्माण, कार्यान्वयन, व्यवस्थापन तथा शिक्षण सिकाइको प्रबन्ध के कसरी गर्ने भन्ने विषयमा सरकार, विद्यालय, अभिभावकलगायत सम्बन्धित सबैका लागि चुनौती सिर्जना गरेको छ। यसमा देखिएका चुनौतीको सम्बोधन गरी विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय शिक्षाको अवधारणा स्पष्ट गर्नु, गुणस्तरीय विद्यालय शिक्षाका मापदण्ड पहिचान गर्नु र वर्तमान नीति, कार्यक्रम तथा अभ्यासको लेखाजोखा गरी सुधारका आवश्यकता, क्षेत्र, जिम्मेवारी तथा प्रक्रिया पहिचान गरी गुणस्तर सुधारमा लाग्नु आवश्यक छ। यस दस्तावेजले नेपालमा विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि गुणस्तरीय शिक्षाको अवधारणा स्पष्ट गर्नुका साथै गुणस्तरका मापदण्ड निर्धारण गरी ती मादण्ड पूरा भएको सुनिश्चित गर्नका लागि आवश्यक सूचक पहिचान गरी मापनका स्तर तथा आधार तय गरेको छ। यस दस्तावेजले शिक्षाको समग्र गुणस्तरको अवस्था तथा स्तर पहिचान गरी सुधारका लागि मार्ग प्रशस्त गर्न शिक्षा पद्धति तथा समग्र सरोकारवालालाई महत्त्वपूर्ण आधार प्रदान गर्ने छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संयोजनमा विकास गरिएको विद्यालय शिक्षाको गुणस्तर सम्बन्धी मापदण्ड तथा सूचक, २०८३ शीर्षकको यस दस्तवेजलाई नेपाल सरकार, शिक्षा, तथा खेलकुद मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८३/०५/१५ को निर्णयबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसले एकातिर गुणस्तरको अवस्था पहिचान गर्न सहयोग गर्ने छ भने अर्कातिर गुणस्तरका मापदण्ड तथा सूचकका आधारमा सुधारका प्राथमिकता निर्धारण गरी सुधारको योजना निर्माण गर्न र योजना कार्यान्वयनको सुनिश्चितताका लागि विभिन्न तहका सरकार तथा विद्यालयलाई महत्त्वपूर्ण आधार प्रदान गर्ने छ ।

## २. मापदण्डको सोच, लक्ष्य र उद्देश्य

विद्यार्थीमा सिर्जनशीलता, नैतिक मूल्य र समालोचनात्मक सोचसहित आजीवन शिक्षालाई प्रवर्धन गर्ने समावेशी, समतामूलक र उच्च गुणस्तरको विद्यालय शिक्षा प्रणाली स्थापना गर्ने दीर्घकालीन सोचअनुरूप विद्यालय शिक्षाको गुणस्तर सम्बन्धी मापदण्ड तथा सूचक,२०८३ तयार गरिएको छ। यो दस्तावेज तयार गर्नुको प्रमुख लक्ष्य 'शिक्षण सिकाइ वातावरण तथा प्रक्रिया सुधार गरी सिकारुमैत्री, समावेशी र गुणस्तरउन्मुख बनाउनु; विद्यालय शिक्षामा जवाफदेही, सुशासन र समुदायको सहभागिता वृद्धि गर्नु र भूगोल, लैङ्गिकता, सामाजिक आर्थिक स्थिति वा क्षमताको विविधताका बावजुद सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु÷ रहेको छ। उल्लिखित दीर्घकालीन सोच र लक्ष्य प्राप्तिका लागि यस दस्तावेजमा निम्नअनुसारका उद्देश्य तय गरिएको छः

(क) शिक्षाको गुणस्तरको बहुआयामिक अवधारणालाई आत्मसात् गरी परिवेशअनुरूपको व्याख्या तथा अभ्यासमा सहभागी हुनु

(ख) नेपालको विद्यालय शिक्षाका सन्दर्भमा गुणस्तरको लेखाजोखा, सुधार र निरन्तरताका लागि यसका क्षेत्र, सूचक तथा मापनका स्पष्ट आधार तयार गर्नु

(ग) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि नीति तथा लगानीका प्राथमिकता निर्धारण गरी योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा प्रभावकारिता र दक्षता अभिवृद्धि गर्नु

(घ) विद्यालय शिक्षाको गुणस्तरको परीक्षण तथा लेखाजोखा, गुणस्तर सुधारको योजना, कार्यान्वयन तथा निरन्तर विकास र अद्यावधिकताका लागि जिम्मेवारी तथा जवाफदेही सुनिश्चित गर्नु

(ङ) विद्यालयलगायत विभिन्न तह तथा निकायलाई स्वपरीक्षण तथा स्वमूल्याङ्कन गरी गुणस्तर सुधारसम्बन्धी कार्यमा योगदान गर्ने साधन प्रदान गरी प्रोत्साहन गर्नु

## ३. मापदण्डको आवश्यकता

औपचारिक विद्यालय शिक्षाका निश्चित उद्देश्य हुन्छन्। ती उद्देश्य हासिल गर्न गरिने लगानी र प्रयत्नमा गुणस्तर उत्तिकै महत्त्वपूर्ण मानिन्छ। अन्तिम नतिजामा खोजिएको गुणस्तर चिन्नु आवश्यक छ। सोका लागि गरिनुपर्ने सचेत प्रयत्नबारे स्पष्टता उत्तिकै जरुरी छ।

राज्यले नागरिकको गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि गुणस्तरीय शिक्षा के हो र देशको वर्तमान सन्दर्भमा यसका मापदण्ड के के हुन सक्छन् भन्ने विषय निर्धारण गरी सोअनुसारको गुणस्तर प्राप्तिका लागि प्रबन्ध गर्नुपर्छ । निर्धारित मापदण्डले नीति तथा योजनाका प्राथमिकता निर्धारण, स्रोतसाधनको प्रबन्ध, सिकाइ वातावरण तथा अभ्यासको उचित व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। नतिजा तथा समग्र शैक्षिक प्रबन्धको मूल्याङ्कन गरी सुधारका मार्ग पहिल्याउनका लागि शिक्षा पद्धतिमा गुणस्तरीय शिक्षाका मापदण्ड विकास गर्नु आवश्यक मानिन्छ।

समग्रमा नेपालको विद्यालय शिक्षाका सन्दर्भमा गुणस्तरीय शिक्षाका मापदण्ड विकासको आवश्यकतालाई निम्नलिखित बुँदाले स्पष्ट पार्छन्ः

(क) मापदण्डले शिक्षामा नीति, लगानी र कार्यान्वयनका प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याउँछन्।

(ख) मापदण्डले सार्वजनिक अपेक्षा तथा लगानीको प्रतिफलको रूपमा गुणस्तर सुनिश्चितताका लागि सहयोग गरी सार्वजनिक नीति तथा लगानीप्रति जवाफदेही सुनिश्चित गर्छन्।

(ग) मापदण्डले सबै विद्यार्थीका लागि सिकाइस्तर तथा प्रक्रियामा एकरूपता कायम गर्न सहयोग गर्छन् ।

(घ) पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया तथा मूल्याङ्कनबिच सङ्गति कायम गर्न मापदण्डले सहयोग गर्छन् ।

(ङ) मापदण्डले लक्ष्य स्पष्ट गर्ने भएकाले शिक्षकलाई सिकाइका विषयवस्तु, क्रियाकलाप तथा मूल्याङ्कन विधि तथा क्रियाकलापलाई प्रभावकारी बनाउने आधार प्रदान गर्छन् ।

(च) मापदण्डले उपलब्धि मूल्याङ्कनका लागि आधार तय गरी शिक्षकलगायत शैक्षिक कार्यक्रम कार्यान्वयनकर्ता तथा शैक्षिक नीति निर्मातालाई सुधारका क्षेत्र तथा प्राथमिकता पहिचान गरी शैक्षिक सुधारका प्रयासलाई सहज बनाउँछन्।

## ४. मापदण्ड विकास प्रक्रिया

नेपालको विद्यालय शिक्षाका सन्दर्भमा गुणस्तरको मापदण्ड विकास गरी लागु गरिने छ भन्ने राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख छ। यस क्रममा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रममा शिक्षाको गुणस्तरको अवधारणा तथा मापदण्ड विकास गर्ने कार्यक्रम समावेश गरिएको र सो कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षा तथा खेलकुद मन्त्रालयका अधिकारी, विभागीय निकायका प्रमुख तथा केही विज्ञसहितको छलफल आयोजना गरी थप अवधारणागत स्पष्टता, सामान्य प्रक्रिया तथा चरण पहिचान गरिएको थियो। यी छलफलको सुझावका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले दुई जना विज्ञसहितको समूह बनाई कार्य प्रारम्भ गरेको थियो।

विज्ञहरूले मपदणडका सिद्धान्त, वैश्विक तथा नेपालका अभ्यास, अध्ययन अनुसन्धानका नतिजा तथा अनुभवमा आधारित भएर शिक्षाको गुणस्तरको अवधारणा तथा गुणस्तरका मापदण्डसम्बन्धी दुईओटा सन्दर्भपत्र तयार गरेका थिए। यसरी तयार गरिएका सन्दर्भपत्रलाई शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका अधिकारी, विज्ञ तथा अभ्यासकर्ताको कार्यशालामा प्रस्तुत गरी राय सुझाव लिइएको थियो। सो कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा मसौदा अद्यावधिक गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वेबसाइटमार्फत पृष्ठपोषणका आह्वान गरिएको थियो।

परिमार्जित अवधारणापत्रलाई आधार बनाई विज्ञहरूले विभिन्न अभ्यास तथा अध्ययनको समीक्षा गरेका थिए। मापदण्डका उपक्षेत्र, सूचक तथा चार स्तरमा सूचक मापनका सामान्य आधारको मसौदा गरी सो मसौदालाई शिक्षक, प्रधानाध्यापक, प्रशिक्षक, शिक्षाका विभिन्न तहमा कार्यरत प्राविधिक जनशक्ति, उच्च अधिकारी तथा विज्ञ सम्मिलित दुई दिने कार्यशाला सञ्चालन गरी रायसुझाव लिइएको थियो । सो कार्यशालाले प्रत्येक सूचक मापनका आधारको व्याख्याको मसौदा तयार गरेको थियो। यसरी कार्यशालाबाट सुधार गरिका सूचक तथा मसौदा गरिएका सूचक मापनका आधारको व्याख्यालाई विज्ञहरूद्वारा सामान्य अद्यावधिक तथा सम्पादन गरिएको थियो। तयार गरिएका मापदण्ड, सूचक तथा सूचक मापनका आधारको व्याख्या गरिएका मसौदालाई पृष्ठपोषणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वेबसाइटमार्फत आह्वान गर्नुका साथै त्यो मसौदा प्रदेश स्तरका दुईओटा कार्यशालामा प्रस्तुत गरी पृष्ठपोषण प्राप्त गरिएको थियो।

उल्लिखित प्रदेश स्तरका पृष्ठपोषण कार्यशालाबाट प्राप्त सुझाव तथा वेबसाइट, इमेल तथा सामाजिक सञ्जालमार्फत प्राप्त भएका सुझावको अध्ययन गरी सम्बन्धित विज्ञ तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्बन्धित अधिकारीसहितको कार्यटोलीले मापदण्ड तथा सूचक मापनका आधारको व्याख्यामा आवश्यक परिमार्जन गरेको थियो । यही दस्तावेज शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत भएको हो।

## ५. गुणस्तरीय शिक्षाको अवधारणा

शिक्षाको गुणस्तर बहुआयामिक तथा बहुदृष्टिकोणीय अवधारणा भएकाले दृष्टिकोण तथा परिवेशअनुकूलको व्याख्या हुने गरेको छ। गुणस्तरको बुझाइमा रहेका यस्ता विविधताका कारण यसलाई परिभाषा गर्ने कार्यमा कठिनाइ रहेको छ तापनि यसका विभिन्न आयाम, दृष्टिकोण तथा बुझाइको समीक्षा तथा संश्लेषण गरी परिवेशअनुकूल हुने गरी गुणस्तरीय शिक्षाको अवधारणाको व्याख्या गर्न सकिन्छ।

विश्वव्यापी रूपमा हेर्दा शिक्षालाई मानव पुँजी, अधिकारमा आधारित शिक्षा र सामर्थ्यमा आधारित शिक्षा गरी तीन दृष्टिकोणबाट हेर्ने गरेको देखिन्छ । यी दृष्टिकोणमध्ये एक वा एकभन्दा बढी दृष्टिकोणका आधारमा गुणस्तरको व्याख्या गर्ने प्रचलन देखिन्छ । शिक्षालाई मानव पुँजीको रूपमा हेर्ने दृष्टिकोणले गुणस्तरलाई आर्थिक उपार्जनको साधनका रूपमा स्वीकार गर्छ भने अधिकारमा आधारित दृष्टिकोणले शिक्षाको अन्तर्निहित व्यक्तिगत भूमिकालाई स्वीकार गर्छ । अमर्त्य सेनको

सामर्थ्यमा आधारित दृष्टिकोणले अन्य भूमिकासहित शिक्षाका यी दुवै भूमिकालाई स्वीकार गर्नुका साथै यसले सामाजिक न्यायलाई मुख्य मापदण्डको रूपमा लिई सेवाको गुणस्तर मापन गर्ने अवधारणा प्रस्तुत गर्छ। त्यसैले शिक्षाको सामर्थ्यसम्बन्धी दृष्टिकोणले मानव पुँजी र अधिकारमा आधारित दुवै सिद्धान्तभन्दा अगाडि गई परिणाम मात्र नहेरेर कार्य र सामर्थ्यबिचको सम्बन्धको पनि मूल्याङ्कन गर्छ।

पूर्वीय दर्शनअन्तर्गतका विभिन्न वैदिक दर्शन, बौद्ध दर्शन, चार्वाक दर्शन र जैन दर्शनबिच जीवन तथा जगत्सम्बन्धी दृष्टिकोणगत विविधतासँगै शिक्षाको उद्देश्य र कार्यमा रहेको भिन्नताले शिक्षाको गुणस्तरको अवधारणामा एकरूपता देखिँदैन। यस्तो विभिन्नतासँगै प्रायजसो पूर्वीय दर्शनले आन्तरिक शान्ति, सहअस्तित्व, अन्तरसम्बन्ध र सामूहिकता तथा नैतिक मूल्यको विकास तथा मोक्ष र निर्वाणजस्ता आदर्श प्राप्तिमा जोड दिएको देखिन्छ। परम्परागत गुरुकुल शिक्षा पद्धति तथा गुम्बा/विहारमा प्रदान गरिने बौद्ध शिक्षा दुवैमा शिक्षाले ज्ञान, सिप र शील तथा स्वभाव विकास गरी व्यक्तिको सर्वाङ्गीण विकासको लक्ष्य राखेको पाइन्छ।

समग्रमा शिक्षाको गुणस्तर एक बहुआयामिक अवधारणा हो। यसले व्यक्तिलाई स्वस्थ, उत्पादनशील र अर्थपूर्ण जीवन जिउने सामर्थ्य प्रदान गर्छ। गुणस्तरीय शिक्षाले सबै बालबालिकाको बौद्धिक, भावनात्मक, सामाजिक, नैतिक तथा शारीरिक विकाससहित समग्र विकासमा जोड दिनुपर्छ। यसमा सामान्य साक्षरता वा गणितीय सिपको विकास मात्रै नभई सिक्नका लागि सिकाइ, उच्च तहका सोचाइ सिप, समालोचनात्मक साक्षरता, सिर्जनात्मकता र सशक्तीकरणजस्ता क्षमताको विकास पनि अट्नुपर्छ। व्यक्तिगत तहमा मात्र होइन, मानिसलाई आफ्नो समुदायमा सक्रिय रूपमा योगदान पुऱ्याउन आवश्यक सामाजिक सिप, नागरिक मूल्य र समालोचनात्मक सोचको विकास गर्दै दीर्घकालीन रूपमा सामाजिक एकता र साझा समृद्धिलाई प्रवर्धन गर्ने साधनका रूपमा गुणस्तरीय शिक्षाको भूमिकालाई हेर्ने गरिन्छ।

एकातिर परीक्षाको नतिजालाई गुणस्तरको एकमात्र मापदण्ड मान्ने पुरानो चलनको निरन्तरतासँगै नेपालमा विगत करिब दुई दशकदेखि नमुनामा आधारित वृहत्स्तरका विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन गरी विद्यार्थीको संज्ञानात्मक सिकाइ उपलब्धिको अङ्कका आधारमा शिक्षा पद्धतिको गुणस्तर परीक्षण गर्ने प्रचलन बढेको छ। अर्कातिर परीक्षालगायत विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको नतिजाका आधारमा गुणस्तरको व्याख्या गर्ने प्रचलनले सिकारुका लागि आवश्यक जीवनोपयोगी तथा विभिन्न गैरसंज्ञानात्मक सिप तथा सक्षमता ओझेल परी शिक्षाको गुणस्तरको अपूर्ण व्याख्या हुने गरेको भन्ने दृष्टिकोण पनि प्रस्तुत हुने गरेका छन्। यसै गरी शिक्षाको गुणस्तरलाई परीक्षणको नतिजालगायतको उपलब्धिका आधारमा भन्दा पनि अध्ययनपश्चात् विद्यार्थीले आफ्नो जीवनमा प्राप्त गरेको रोजगारी तथा आर्थिक र वैयक्तिक विकास, सामाजिक योगदान, असल नागरिकको विकासजस्ता कार्यमा शिक्षाले पारेको प्रभावका आधारमा व्याख्या गर्नुपर्ने दृष्टिकोण पनि रहेको छ ।

शिक्षाको गुणस्तरलाई यसको उपलब्धि तथा प्रभावमा मात्र खोजिनु र नतिजाका आधारमा मात्र व्याख्या गर्नु उपयुक्त हुँदैन भन्ने दृष्टिकोणको दह्रो मत रहेको छ। यस दृष्टिकोणअनुसार के र कति सिकियो भन्ने मात्र होइन, कसरी सिकियो वा अनुभव कस्तो रह्यो भन्ने पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। मापनमा हुने जटिलताका कारण लेखाजोखा गर्न कठिन भए पनि गुणस्तरलाई विद्यार्थीको आँखाबाट हेर्ने, सोअनुसार प्रक्रियाको डिजाइन गर्ने दृष्टिले गुणस्तरीय शिक्षाका लागि प्रभावकारी प्रक्रिया र सिकारुका अनुभवको मूल्यलाई उच्च महत्त्व दिनुपर्ने हुन्छ। फेरि सिकाइ प्रक्रियामा उपयुक्त स्रोत, साधन तथा जनशक्तिसहितको लगानीको प्रबन्धको प्रभाव हुन्छ। यसप्रकार लगानी, प्रक्रिया र नतिजा गरी तीनओटै पक्षलाई गुणस्तरको मापदण्डका रूपमा लिने गरी गुणस्तरलाई प्रणालीगत दृष्टिकोणबाट व्याख्या गर्ने अभ्यास पनि देखिन्छ।

यस प्रणालीगत अवधारणालाई प्रभावकारी सिकाइका लागि प्रयोग गर्न शैक्षिक निकाय वा पद्धतिका नीति, लक्ष्य, पृष्ठभूमिलगायतका सन्दर्भलाई समावेश गरेर लगानी, प्रक्रिया र उत्पादनको गुणस्तरलाई शिक्षाको गुणस्तरको मापदण्डका रूपमा प्रयोग गर्ने प्रचलन बढेको छ। शिक्षाको गुणस्तरमा विद्यार्थीको सिकाइप्रतिको रुचि, उत्प्रेरणा, लगनशीलता तथा तयारीको भूमिकालाई विचार गरेर सन्दर्भ, लगानी, प्रक्रिया र उपलब्धिका अतिरिक्त सिकारुलाई गुणस्तरको मापदण्डका रूपमा समावेश गरेको देखिन्छ। यसरी गुणस्तरीय शिक्षाको मापदण्डका रूपमा शारीरिक तथा मानसिक रूपमा स्वस्थ र सिक्नका लागि तयार सिकारुका विशेषतालाई पनि लिने गरिन्छ ।

गुणस्तरका विभिन्न आयाम, तिनको आधार तथा व्याख्या समेटेर विद्यालय शिक्षाको गुणस्तरका मापदण्ड विकास गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका प्रमुख पाँच आयाम, सिकारुका विशेषता, लगानी र नीतिगत परिवेश, विद्यालयमा सिकाइका लागि सहयोगी वातावरण, शिक्षण सिकाइ प्रक्रिया र उपलब्धिसँग सम्बन्धित निम्नलिखित दश क्षेत्रमा गुणस्तरका मापदण्ड निर्धारण गरिएको छ। यसबमोजिम गुणस्तर सुनिश्चितताका लागि योजना तथा कार्यक्रम विकास र कार्यान्वयन गरी ती मापदण्डलाई विभिन्न सूचक तथा मापनका आधार तयार गरी परीक्षण तथा मूल्याङ्कन गरिने छ।

## ६. गुणस्तरीय विद्यालय शिक्षाका मापदण्ड तथा सूचक

गुणस्तरीय शिक्षाको अवधारणा तथा मापदण्डसम्बन्धी अघिल्ला खण्डमा भएका छलफलका आधारमा विद्यालय शिक्षाको गुणस्तरका दश मापदण्ड तय गरिएको छ । शिक्षा प्रणालीको उपलब्धिका मुख्य गरी तीन पक्ष छन्। पहिलो, विषयवस्तुमा विद्यार्थीले प्राप्त गरेका संज्ञानात्मक उपलब्धि; दोस्रो, विभिन्न व्यवहारकुशल सिपलगायत गैरसंज्ञानात्मक उपलब्धि र तेस्रो, शिक्षाको समाजमा के प्रभाव पऱ्यो भन्ने कुराका आधारमा उपलब्धिको व्याख्या। यसबाहेक लगानी र उत्पादित विद्यार्थीको अनुपातका रूपमा विद्यार्थीको तह पूरा गर्ने दरमा भएको सुधार तथा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरमा आएको कमीजस्ता आन्तरिक कुशलतामा भएका सुधारलाई पनि गुणस्तरको एउटा पक्षको रूपमा हेर्न सकिन्छ। शिक्षाले समाजमा पारेको प्रभावसम्बन्धी उपलब्धि के कस्ता छन् भन्ने कुराको परीक्षण तत्काल नभई रोजगारी तथा पेसा वा व्यवसायमा यसले पारेको प्रभाव, आर्थिक तथा सामाजिक

विकासमा गरेको योगदान, नागरिक शिक्षामा गरेको योगदान इत्यादिका आधारमा हुन सक्ने भएकाले लामो समय कुर्नुपर्ने र परीक्षणका लागि विशिष्ट विधि तथा साधन प्रयोग गर्नुपर्ने हुन्छ। शिक्षाको प्रभावसम्बन्धी उपलब्धिको परीक्षण प्रायजसो शिक्षा प्रणालीभन्दा बाहिरबाट गर्ने प्रचलन रहेको सन्दर्भमा हाम्रो शिक्षा प्रणालीले शिक्षाको गुणस्तरको परीक्षण गरी सुधार गर्ने प्रयोजनका लागि गुणस्तरको मापदण्ड र सूचक विकास गर्दा प्रभावसम्बन्धी उपलब्धि समावेश नगरी अन्य उपलब्धि समावेश गरिएको छ । यसमा उपलब्धि प्राप्त गर्नका लागि आवश्यक हुने वातावरणीय परिवेश, पूर्वाधार, लगानी, शिक्षणसिकाइ प्रक्रियाजस्ता पक्षलाई मापदण्डका रूपमा लिइएको छ।

शिक्षा प्रणालीका उल्लिखित उपलब्धिका लागि सिकारुको तयारी, योग्य र उत्प्रेरित शिक्षकको प्रबन्ध, सान्दर्भिक पाठ्यक्रम तथा पाठ्यसामग्री, सिकारुमैत्री विद्यालय वातावरण, उपयुक्त परीक्षण तथा मूल्याङ्कनको अभ्यास, सिकारुकेन्द्रित शिक्षण सिकाइ, विद्यालय सुशासन तथा व्यवस्थापनको कुशलता, समग्र विद्यालय प्रणालीमा समता तथा समावेशिताको सुनिश्चितता र उपयुक्त लगानी तथा नीतिगत परिवेश आवश्यक छ। यसअनुसार विद्यालय शिक्षा प्रणालीको गुणस्तरका लागि निम्नलिखित दश मापदण्ड समावेश गरिएका छन्ः (१) सिकारुका मापदण्ड, (२) शिक्षकका मापदण्ड, (३) पाठ्यक्रम तथा पाठ्यसामग्रीका मापदण्ड, (४) विद्यालय वातावरणका मापदण्ड, (५) शिक्षण सिकाइको मापदण्ड, (६) परीक्षण तथा मूल्याङ्कनका मापदण्ड, (७) विद्यालय सुशासन तथा व्यवस्थापनका मापदण्ड, (८) समता तथा समावेशिताका मापदण्ड, (९) लगानी तथा नीतिगत परिवेशका मापदण्ड र (१०) उपलब्धिका मापदण्ड

गुणस्तरीय विद्यालय शिक्षाका उल्लिखित दश मापदण्डको परिचय तथा मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक निम्नअनुसार प्रस्तुत गरिएको छः

**(क) सिकारुका मापदण्ड**

शिक्षा प्रक्रियामा सिकारु निष्क्रिय लाभग्राही होइन, ऊ सिकाइ प्रक्रियाको सक्रिय सहभागी र ज्ञाननिर्माणको सहकर्मी हो। यस अर्थमा सिकारुको भूमिका महत्त्वपूर्ण हुन्छ। गुणस्तरीय सिकाइका लागि बालबालिका शारीरिक तथा मानसिक रूपमा स्वस्थ र सिक्नका निमित्त तयार भएको हुनुपर्छ। बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि उचित पोषण प्राप्त भएको हुनुपर्छ। सुपोषित बालबालिकाको शारीरिक तथा मानसिक विकास उपयुक्त रूपमा भई सिकाइमा सक्रियतापूर्वक सहभागी हुन र उपलब्धि हासिल गर्न सहयोग प्राप्त हुन्छ। उद्योगमा कच्चा पदार्थको समान गुणस्तर कायम गरेजस्तो गरी सबै सिकारु उस्तै सोच्ने, उस्तै ढङ्गले सिक्ने होउन्, सबैमा समान योग्यता र क्षमता होओस् भन्ने र सोअनुसार नियन्त्रण गर्न खोज्ने दृष्टिकोण शिक्षामा उपयुक्त हुँदैन। यसको विपरीत बालबालिकामा विविधता हुन्छ भन्ने तथ्यलाई स्वीकार गर्दै, हरेकले सिक्ने अधिकार राख्छन् र सिक्न सक्छन् भन्ने मान्यतामा अडिग रहँदै शिक्षा प्रणालीले उनीहरूको सिकाइको तयारी र विकासमा सघाउनुपर्छ भन्ने मान्यतामा आधारित भएर सिकारुका मापदण्डलाई गुणस्तरीय शिक्षाको मापदण्डका रूपमा लिएको छ। यसमा सिकारु कस्तो हुनुपर्छ भनेर तोक्ने वा निर्देशनात्मक बन्नेभन्दा पनि गरिएका प्रबन्धले बालबालिकालाई सिकाइका लागि तयार गर्न कत्तिको सकेको छ भनी हेर्नु उचित

हुन्छ। यसो गर्दा बालबालिकालाई सिकाइका लागि तयार गरी उनीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न सहयोग पुग्छ। बालबालिकाको सामाजिक, मनोवैज्ञानिक, स्वास्थ्य, पोषणलगायत उचित सिकाइ वातावरण तयार गर्न परिवारको महत्त्वपूर्ण भूमिका रहन्छ तापनि यसमा विद्यालय तथा स्थानीय तहलगायत समस्त शिक्षा प्रणालीले पनि योगदान गर्न सक्ने कुरालाई विचार गरेर मापदण्ड तथा सूचक विकास गरिएको छ ।

यसमा सिकारुका लागि उचित पोषण र नियमित स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था, गुणस्तरीय बालविकास शिक्षाको उपलब्धता र सिकाइका बाधा पहिचानजस्ता पक्षका सूचकमार्फत सिकारुको तयारीसम्बन्धी मापदण्ड सुनिश्चित गर्ने कुरा समावेश गरिएको छ।

**तालिका १ : सिकारुका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| १. सिकारुका मापदण्डः सिकारु शारीरिक तथा मानसिक रूपमा स्वस्थ र सिक्नका निमित्त तयार भएका | १.१ सिकारुका लागि उचित पोषण र नियमित स्वास्थ्य परीक्षण तथा उपचार | (क) बालबालिकाको विकासको अवस्था<br>(ख) दिवा खाजाको प्रबन्ध<br>(ग) विद्यालयमा स्वास्थ्य परीक्षणको प्रबन्ध<br>(घ) खानेपानी तथा सरसफाइ<br>(ङ) स्यानिटरी प्याड व्यवस्थापन |
| | १.२ पूर्वतयारीका निमित्त गुणस्तरीय बालविकास शिक्षा | (क) बालविकास शिक्षामा खुद भर्ना<br>(ख) बालविकास शिक्षकको नियमित तालिमको व्यवस्था र योग्यता<br>(ग) बालविकास तथा शिक्षाको सुधारमा लगानीको सुनिश्चितता<br>(घ) बालबालिकाको सामाजिक र संवेगात्मक विकासमा सहयोग |
| | १.३ सिकाइका बाधा पहिचान | (क) सिकाइ प्रगतिको अनुगमन<br>(ख) बालबालिकाको विकास र सिकाइसम्बन्धमा विद्यालय र अभिभावकबिच छलफल<br>(ग) सिकाइका बाधा हटाउने रणनीति तयारी र कार्यान्वयन<br>(घ) विद्यार्थी सहायता प्रणालीको प्रबन्ध |

**(ख) शिक्षकका मापदण्ड**

गुणस्तरीय शिक्षाका लागि शिक्षकको महत्त्वपूर्ण भूमिकालाई दृष्टिगत गरी सामान्य अर्थमा शिक्षक सक्षमतालाई नै शिक्षकका मापदण्ड मान्ने गरेको पनि पाइन्छ। शिक्षकका मापदण्डलाई दुई तरिकाले हेर्न सकिन्छ। पहिलो, शिक्षकका कार्यसम्पादन सक्षमतामा आधारित भएर हेर्ने मापदण्डका आधारमा शिक्षकको ज्ञान, सिप र सक्षमताको स्तर परीक्षण गर्न सकिन्छ। शिक्षकका लागि बहुस्वरूपका सक्षमता आवश्यक पर्ने भएकाले यसमा मूलतः शिक्षकका विषयवस्तुको ज्ञान, शिक्षण कलासम्बन्धी सिप तथा अभ्यास र सामाजिक मनोवैज्ञानिक सक्षमता पर्छन्। दोस्रो, निर्धारित योग्यताअनुरूप पर्याप्त सङ्ख्यामा योग्यता प्राप्त शिक्षकको प्रबन्ध, शिक्षक विकास, शिक्षक उत्प्रेरणा तथा पेसागत विकासको अवस्थाजस्ता पक्षको परीक्षण गरी सक्षम र उत्प्रेरित शिक्षकद्वारा शिक्षण सिकाइ भए नभएको हेर्ने गरिन्छ।

यसमा दोस्रो विकल्पलाई विचार गरेर आवश्यक सङ्ख्यामा योग्यता प्राप्त शिक्षकको प्रबन्ध, शिक्षक पेसागत विकासको अवसर, शिक्षण सुधारका लागि उत्प्रेरणा र पेसागत जवाफदेही, शिक्षक तयारीको उपयुक्तता र समसामयिकतामा आधारित सूचक विकास गरिएको छ। शिक्षकको विषयगत दरबन्दी र योग्यताका मापदण्ड निर्धारित भएकाले सोअनुसार शिक्षकको व्यवस्थापन भए नभएको आधारमा गुणस्तरीय शिक्षकको मापदण्डको परीक्षण गर्ने सूचक समावेश गरिएको छ। यसबाट शिक्षकको तयारी, विकास र आपूर्तिमा रहेका समस्या पहिचान गर्न तथा समस्या समाधान गर्न उपयुक्त रणनीतिको विकासमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

**तालिका २ : शिक्षकका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| १. शिक्षकका मापदण्डः सक्षम र उत्प्रेरित शिक्षकमार्फत शिक्षण सिकाइको प्रबन्ध भएको | २.१ योग्यता प्राप्त शिक्षक | (क) आवश्यक सङ्ख्यामा योग्यता प्राप्त शिक्षकको भर्ना<br>(ख) कक्षागत/विषयगत मापदण्डअनुसार शिक्षकको समानुपातिक वितरण<br>(ग) शिक्षक छनोट र भर्नामा निष्पक्षता |
| | २.२ शिक्षकको पेसागत विकास | (क) शिक्षक विकासका आवश्यकता पहिचान<br>(ख) शिक्षक पेसागत विकासको रणनीति विकास तथा निरन्तर अभ्यास (मेन्टरिङ, स्वअध्ययन, पेसागत सञ्जालको उपयोगलगायत)<br>(ग) शिक्षक सहायता प्रणालीको स्थापना र सञ्चालन |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | २.३ शिक्षकको पेसागत विकास र शिक्षण सुधारका लागि उत्प्रेरणा र पेसागत जवाफदेही | (क) नतिजाका आधारमा शिक्षकको मूल्याङ्कन, प्रशंसा र पुरस्कार<br>(ख) शिक्षकको पेसागत विकासका रणनीतिको अभ्यास<br>(ग) पेसागत विकास तथा शिक्षण सुधारका लागि शिक्षकबिच सहकार्य<br>(घ) शिक्षण सुधारसम्बन्धी विषयमा शिक्षकको अनुसन्धानमा सहभागिता<br>(ङ) शिक्षक पेसागत उत्प्रेरणा र जवाफदेही |
| | २.४ शिक्षक तयारीको उपयुक्तता र समसामयिकता | (क) शिक्षक तयारीका कोर्सको उपलब्धता र उपयुक्तता<br>(ख) शिक्षक तयारी कोर्सको नियमित अद्यावधिक<br>(ग) शिक्षक तयारी कोर्सले सान्दर्भिक तथा पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षण कलाका सिप तथा अभिवृत्तिसम्बन्धी सक्षमता विकास |

**(ग) पाठ्यक्रम तथा पाठ्यसामग्रीका मापदण्ड**

गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यले तयार गरिएको पाठ्यक्रम विद्यार्थी, समाज र जनशक्तिको वर्तमान तथा भावी आवश्यकताअनुरूप हुनुपर्छ। त्यसैले बालबालिकाको आवश्यकता र समकालीन समाजको आवश्यकतासँग मेल खाने गरी तयार गरिएको पाठ्यक्रम गुणस्तरीय शिक्षाको महत्त्वपूर्ण सूचक हो। पाठ्यक्रमले केवल संज्ञानात्मक विषयवस्तु मात्र नभई व्यवहारकुशल सिप, संवेगात्मक (भावनात्मक) बुद्धिमत्ता, सामाजिक, नागरिक र नैतिक मूल्यसम्बन्धी सिप पनि समेटेको हुनुपर्छ। त्यसै गरी पाठ्यक्रमले स्थानीय सन्दर्भ र परिवर्तित सामाजिक आवश्यकतालाई समेट्नुपर्छ। पाठ्यक्रमले सामाजिक विविधतालाई प्रतिबिम्बित गर्नुपर्छ, सिर्जनशीलता र समालोचनात्मक चिन्तनलाई प्रवर्धन गर्नुपर्छ र कक्षाकोठाको सिकाइलाई वास्तविक जीवन तथा विश्वसँग जोड्न सक्नुपर्छ भन्ने मान्यता स्थापित हुँदै गएको देखिन्छ। पाठ्यक्रमको गतिशीलता र अन्तरविषयक सम्बन्धले मुख्य विषयवस्तुको आवश्यकता मात्र सम्बोधन नगरी विद्यार्थीका रुचि, अनुभव र सामाजिक आवश्यकतासँग पनि मेल खाने गरी पाठ्यक्रम विकास तथा अद्यावधिक गर्नुपर्ने आवश्यकता देखाउँछ, जसले सिकाइमा विद्यार्थीको सहभागिता बढाउन र अर्थपूर्ण सिकाइ अनुभव प्राप्त गर्न सहयोग गर्छ ।

गुणस्तरीय शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीका मापदण्डका रूपमा यसमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा पाठ्यक्रमको नियमित अद्यावधिकता र सोअनुरूप पाठ्यक्रम विकास, पाठ्यक्रममा सक्षमताको स्पष्टता, विषयवस्तुको सान्दर्भिकता, व्यवहारकुशल सिपको एकीकरण, पाठ्यक्रम कार्यान्वयनमा उपयुक्त क्रमिकता र सन्तुलनसम्बन्धी सूचक विकास गरिएको छ। गुणस्तरीय

पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको उपलब्धता, पाठ्यपुस्तकका अतिरिक्त अन्य पाठ्यसामग्रीको उपलब्धता र प्रयोगजस्ता पक्षका आधारमा पाठ्यक्रम तथा पाठ्यसामग्रीसम्बन्धी गुणस्तर पहिचान गर्नका लागि आवश्यक सूचक तथा मापनका आधार समावेश गरिएको छ।

**तालिका ३ः पाठ्यक्रम तथा पाठ्यसामग्रीका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| **मापदण्डका क्षेत्र** | **मापदण्डका उपक्षेत्र** | **सूचक** |
|---|---|---|
| ३. पाठ्यक्रम तथा पाठ्यसामग्रीका मापदण्डः आधारभूत सिप हासिल गराउन सक्षमतामा आधारित सान्दर्भिक पाठ्यक्रम र सोअनुरूप उपयुक्त पाठ्यसामग्रीको प्रबन्ध भएको | ३.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप र पाठ्यक्रम अद्यावधिक | (क) राष्ट्रिय पाठ्यक्रम प्रारूप<br>(ख) पाठ्यक्रम अद्यावधिक<br>(ग) राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप पाठ्यक्रम विकास तथा अद्यावधिक<br>(घ) पाठ्यक्रमको प्रबोधीकरण<br>(ङ) पाठ्यक्रमको आवधिक मूल्याङ्कन<br>(च) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन |
| | ३.२ पाठ्यक्रममा सक्षमताको स्पष्टता | (क) पाठ्यक्रममा सक्षमताको व्यवस्थापन |
| | ३.३ पाठ्यक्रमका विषयवस्तुको सान्दर्भीकरण | (क) पाठ्यक्रममा समावेश भएका विषयवस्तुलाई आफ्नो परिवेशअनुकूल सान्दर्भीकरण<br>(ख) आफ्नो परिवेशका रैथाने ज्ञान र सिपलाई विद्यालय शिक्षामा एकीकरण<br>(क) अपाङ्गता भएका विद्यार्थीका लागि सिकाइ सान्दर्भिक बनाउने योजना निर्माण तथा कार्यान्वयन |
| | ३.४ व्यवहारकुशल सिपको एकीकरण | (क) पाठ्यक्रममा व्यवहारकुशल सिप समावेश<br>(ख) सिपलाई विषयगत शिक्षणमा र विद्यालयका अन्य क्रियाकलापमा एकीकृत गर्ने सचेत प्रयत्न<br>(क) शिक्षण सिकाइमा व्यवहारकुशल सिपहरूको एकीकरण |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | ३.५ पाठ्यक्रम कार्यान्वयनमा उपयुक्त क्रमिकता र सन्तुलन कायम | (क) पाठ्यक्रम कार्यान्वयनमा अन्तरविषयक समन्वय र क्रमिकता कायम गर्न योजना तयार र कार्यान्वयन<br>(ख) पाठ्यक्रम कार्यान्वयनमा ज्ञानका तह र विषयगत ज्ञानमा सन्तुलन राख्ने गरी शिक्षण योजना तयार र कार्यान्वयन<br>(ग) शिक्षक निर्देशिकाको विकास, उपलब्धता र प्रयोग |
| | ३.६ गुणस्तरीय पाठ्यपुस्तकको उपलब्धता (ब्रेलसमेत) | (क) सबै विद्यार्थीलाई गुणस्तरीय पाठ्यपुस्तक उपलब्ध<br>(ख) अपाङ्गता भएका विद्यार्थीका लागिसमेत उपयुक्त (अनुकूलन वा भिन्न) पाठ्यपुस्तक उपलब्ध |
| | ३.७ पाठ्यपुस्तकका अतिरिक्त अन्य पाठ्यसामग्रीको उपलब्धता र प्रयोग | (क) सन्दर्भ पाठ्यसामग्रीको छनोटका विषयमा छलफल, विचार विमर्श<br>(ख) सन्दर्भ पाठ्यसामग्रीको उपलब्धता र स्रोत विनियोजन<br>(ग) सन्दर्भ पाठ्यसामग्रीको प्रयोग |

**(घ) विद्यालय वातावरणका मापदण्ड**

विद्यालयको पूर्वाधारले शिक्षाको गुणस्तरमा महत्त्वपूर्ण भूमिका खेल्छ । उपयुक्त कक्षाकोठा, पुस्तकालय र प्रयोगशाला, सफा पानी, सरसफाइ र उचित प्रकाशजस्ता आवश्यक सुविधासहित राम्रोसँग सुसज्जित विद्यालयले सिकाइका लागि अनुकूल वातावरण सिर्जना गर्छ। यसमा मुख्य गरी सिकाइ स्रोत सामग्रीको उपलब्धता, सुरक्षित विद्यालय वातावरण तथा प्रविधिमा पहुँच समावेश गरिएको छ ।

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० कार्यान्वयनमा आइसकेको छ। यसमा सिकाइअनुकूल भौतिक वातावरणको सुनिश्चितता, सिकाइका लागि सहयोगी सामाजिक तथा मनोवैज्ञानिक वातावरण र विद्यालयमा सिकाइ वातावरण सुधारका योजनाबद्ध कार्यसँग सम्बन्धित सूचक समेटिएका छन्।

### तालिका ४: विद्यालय वातावरणका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| ४. विद्यालय वातावरणका मापदण्डः सबै शिक्षक विद्यार्थीले मैत्रीपूर्ण/ अनुकूल वातावरणमा सुरक्षित रूपमा अध्ययन अध्यापन गर्ने प्रबन्ध भएको | ४.१ भौतिक वातावरणः सिकाइअनुकूल भौतिक वातावरणको सुनिश्चितता (कक्षाकोठा, फर्निचर; शौचालय, झ्याल, भवनको रङ, भऱ्याङमा सुरक्षित हुने अवस्था; खुला ठाउँ; खेलमैदान, खानेपानीको प्रबन्ध इत्यादि) | (क) मापदण्डअनुसारको भौतिक वातावरण<br>(ख) अपाङ्गता भएका बालबालिकाको समेत आवश्यकताअनुकूल हुने गरी भौतिक पूर्वाधारको मापदण्डको निर्माण/ पालना<br>(ग) विद्यालय वातावरणको सरसफाइ<br>(घ) स्वस्थ र स्वच्छ खानेपानीको व्यवस्था<br>(ङ) महिनावारी स्वच्छता<br>(च) कक्षाकोठा बाहिर हुने सिकाइका लागि पर्याप्त ध्यान दिएर खुला ठाउँ, हरियाली, बगैंचा, खेल मैदान, कभर्ड हल, कला तथा साहित्य, नवप्रवर्तनात्मक कार्य, खेलकुदलगायत बालबालिकाको बहुपक्षीय विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि संरचना निर्माण |
| | ४.२ सिकाइका लागि सहयोगी सामाजिक तथा मनोवैज्ञानिक वातावरण तयार | (क) विद्यालयमा बालबालिकाको सुरक्षा तथा संरक्षणको सुनिश्चितता<br>(ख) कुनै प्रकारको हिंसा वा विभेद नहुने गरी शिक्षण सिकाइ वातावरणको सुनिश्चितता<br>(ग) विद्यार्थीको सहयोगात्मक सिकाइ |
| | ४.३ विद्यालयमा सिकाइ वातावरण सुधारमा योजनाबद्ध कार्य | (क) सिकाइ वातावरण सुधारको आवश्यकताबारे तथ्याङ्क र सूचना सङ्कलन<br>(ख) विद्यालय वातावरण सुधारमा अभिभावक संलग्नता बढाउने योजनाबद्ध कार्य |

### (ङ) शिक्षण सिकाइको मापदण्ड

गुणस्तरीय शिक्षाको लागि उपयुक्त परिवेश, पाठ्यक्रम तथा विषयवस्तु, भौतिक तथा शैक्षिक सुविधा र कुशल तथा उत्प्रेरित शिक्षकको प्रबन्धको उपयोग गरेर अपेक्षित उपलब्धि हासिल गराउने प्रक्रिया शिक्षण सिकाइ हो। त्यसैले शिक्षण सिकाइ प्रक्रियाको उपयुक्तता र प्रभावकारिता गुणस्तरीय शिक्षाको

सुनिश्चिततताका लागि महत्त्वपूर्ण मापदण्ड हो।शिक्षण सिकाइ प्रक्रियाले विद्यार्थीमा विषयगत संज्ञानात्मक उपलब्धि मात्र नभई सामाजिक विकास, मनोवैज्ञानिक विकास, मूल्य मान्यता तथा नैतिकताको विकास, नागरिक सिप तथा अभिवृत्तिलगायत व्यक्तिगत विकासलगायतका गैरसंज्ञानात्मक सामर्थ्य र व्यवहारकुशल सिप हासिल गर्न सहयोग गर्ने भएकाले शिक्षण सिकाइको उपयुक्तता र प्रभावकारिता शिक्षाको गुणस्तरका लागि महत्त्वपूर्ण मापदण्डका रूपमा रहेको छ ।

शिक्षण सिकाइलाई बाल/सिकारुकेन्द्रित बनाई यसको प्रभावकारिता बढाउनका लागि शिक्षण सिकाइको मापदण्डका रूपमा यसमा शैक्षणिक योजना, सिकाइका लागि उपयुक्त शिक्षण सिकाइ विधि तथा रणनीतिको प्रयोग, सिकाइमा विद्यार्थी सहभागिताको सुनिश्चितता, शिक्षणमा प्रविधिको प्रयोग, भाषाका कारण सिकाइमा हुन सक्ने बाधाको पहिचान र उपयुक्त रणनीतिको प्रयोगसम्बन्धी सूचक समावेश गरिएको छ । त्यसै गरी विद्यार्थीको सिकाइ समयलाई उच्चतम बनाउन योजना र प्रोत्साहन, सिकाइको शैली र गतिमा हुने विविधताको सम्मान र व्यवस्थापन, सिकाइको नियमित अनुगमन, पृष्ठपोषण र प्रोत्साहनसम्बन्धी सूचक समावेश गरिएको छ ।

**तालिका ५: शिक्षण सिकाइका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| ५. शिक्षण सिकाइको मापदण्डः उच्चतम स्तरमा सिकाइका लागि 'सबैको लागि सिकाइ÷ सुनिश्चित गर्ने रणनीति उपयोग भएको | ५.१ शैक्षणिक योजना | (क) शैक्षणिक योजना तयारी कार्यशाला सञ्चालन<br>(ख) शैक्षणिक योजना तयारी र प्रयोग<br>(ग) शैक्षणिक योजना तयार गर्दा सबै विद्यार्थीले सहभागी हुन र सिक्न सक्ने सुनिश्चितता |
| | ५.२ सिकाइका लागि उपयुक्त शिक्षण सिकाइ विधि तथा रणनीतिको प्रयोग | (क) शिक्षण सिकाइ विधि तथा रणनीतिमा विविधता र सिकारु केन्द्रितता<br>(ख) विषयगत शिक्षक वा समान प्रकृतिका शिक्षकको सञ्जालमार्फत अनुभव आदानप्रदानको अवसर<br>(ग) सफल शिक्षण रणनीति प्रयोग गर्ने शिक्षकलाई प्रोत्साहन र अन्यत्र सो अभ्यास विस्तार |
| | ५.३ सिकाइमा विद्यार्थी सहभागिताको सुनिश्चितता | (क) परिवेशअनुकूल हुने गरी वर्ग शिक्षण, बहुवर्ग शिक्षण इत्यादिको उपयोग<br>(ख) सहभागिता बढाउन र सिकाइलाई उच्चतम रूपमा हासिल गर्न 'विद्यार्थी समूह' को उपयोग गर्न आवश्यक वातावरण र सहयोग<br>(ग) विद्यार्थी प्रतिक्रिया सर्वेक्षण |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | ५.४ शिक्षणमा प्रविधिको प्रयोग | (क) सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोग गर्न उपकरण र क्षमता विकास<br>(ख) विशेष सिकाइ आवश्यकता हुने विद्यार्थीको निमित्त सिकाइमा सहयोग पुऱ्याउने प्रविधिको प्रयोग |
| | ५.५ भाषाका कारण सिकाइमा हुन सक्ने बाधाको पहिचान र उपयुक्त रणनीतिको प्रयोग | (क) प्रारम्भिक बालविकास र प्रारम्भिक कक्षामा भाषिक कठिनाइका कारण सिकाइमा बाधा हटाउन स्रोत साधन र सक्षमताको व्यवस्थापन<br>(ख) साङ्केतिक भाषा आवश्यक पर्ने विद्यार्थीलाई सहयोग गर्न शिक्षक विद्यार्थीलाई साङ्केतिक भाषाबारे प्रबोधीकरण र शिक्षण सिकाइमा प्रयोग |
| | ५.६ विद्यार्थीको सिकाइ समयलाई उच्चतम बनाउन योजना र प्रोत्साहन | (क) विद्यालय खुल्ने दिन र शिक्षण समयलाई उच्चतम राख्ने गरी योजना |
| | ५.७ सिकाइको शैली र गतिमा हुने विविधताको सम्मान र व्यवस्थापन | (क) विद्यालय व्यवस्थापन र शिक्षकलाई सबैले सिक्न सक्छन् भन्ने विश्वास जगाई समावेशी शिक्षण पद्धतिबारे प्रबोधीकरण तथा प्रयोग |
| | ५.८ सिकाइको नियमित अनुगमन, पृष्ठपोषण र प्रोत्साहन | (क) थप सहायता र पृष्ठपोषणको व्यवस्था गरी सबैको सिकाइको सुनिश्चितता<br>(ख) कमजोर उपलब्धि हुने समूहको निमित्त लक्षित कार्यक्रम सञ्चालन<br>(ग) सिकाइमा उच्चतम सफलता हासिल गर्न योगदान गर्ने विद्यालय व्यवस्थापन र शिक्षकलाई प्रोत्साहन |

**(च) परीक्षण तथा मूल्याङ्कनका मापदण्ड**

विद्यार्थीको सिकाइको नियमित परीक्षण तथा मूल्याङ्कनले गुणस्तरीय शिक्षाको अवस्था पहिचान गर्न र तदनुकूल सिकाइ प्रक्रिया समायोजन गर्न सहयोग गर्छ। विद्यार्थीको निरन्तर परीक्षण तथा मूल्याङ्कन र त्यसको नतिजाका आधारमा प्रदान गरिने पृष्ठपोषणलाई शिक्षण सिकाइ क्रियाकलापको

अभिन्न अङ्गका रूपमा प्रभावकारी ढङ्गले उपयोग गर्न सकेमा सिकाइ सुधारमा सहयोग पुग्ने भएकाले कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन गुणस्तरीय शिक्षाको एउटा महत्त्वपूर्ण आधार हो। त्यसै गरी सार्वजनिक परीक्षाका नतिजाले विद्यार्थीको व्यक्तिगत उपलब्धि स्तर देखाउने र राष्ट्रिय स्तरका मानकीकृत परीक्षणले समग्र शिक्षा पद्धतिको अवस्थाबोध गराउने भएकाले यसबाट एकातिर गुणस्तरको अवस्था पहिचान हुन्छ भने अर्कातिर गुणस्तर सुधारका समस्याको पहिचान भई सुधारका लागि आवश्यक पृष्ठपोषण प्राप्त हुन्छ । यसरी शिक्षाको गुणस्तरको मापदण्डका रूपमा कक्षाकोठामा आधारित मूल्याङ्कन, सार्वजनिक परीक्षा तथा राष्ट्रिय उपलब्धि परीक्षण गरी तीन किसिमका परीक्षणको प्रभावकारी प्रयोग समावेश गरिन्छ ।

परीक्षण तथा मूल्याङ्कनका उल्लिखित पक्षलाई विचार गरेर यसमा विद्यार्थी परीक्षण तथा मूल्याङ्कनका मापदण्डअन्तर्गत मूलतः कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कन, निर्णयात्मक मूल्याङ्कन, परीक्षणको नतिजाका आधारमा पृष्ठपोषण तथा सुधारात्मक सिकाइ, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन र विद्यार्थी मूल्याङ्कनमा सहयोगी भावना र समूहमा काम गर्ने गुणलाई समावेश गर्नेसम्बन्धी सूचक समावेश गरिएका छन् ।

**तालिका ६ः परीक्षण तथा मूल्याङ्कनका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| ६. परीक्षण तथा मूल्याङ्कनका मापदण्डः विद्यार्थीको सिकाइलाई प्रवर्धन गर्ने गरी मूल्याङ्कनको उपयोग भएको | ६.१ कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कन | (क) निरन्तर मूल्याङ्कनका लागि विशेषतः पोर्टफोलियो व्यवस्थापन<br>(ख) कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनको अभ्यास<br>(ग) कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनको स्तरीयतामा सुधार गर्न शिक्षक क्षमता विकास |
| | ६.२ निर्णयात्मक मूल्याङ्कन | (क) विद्यालयमा आधारित निर्णयात्मक परीक्षाका अभ्यास<br>(ख) आधारभूत तहको अन्तमा लिइने कक्षा आठको सार्वजनिक परीक्षालाई तोकेको मानकअनुसार सञ्चालन<br>(ग) माध्यमिक तहमा लिइने सार्वजनिक परीक्षा तोकेको मानकअनुसार सञ्चालन<br>(घ) परीक्षाको उपलब्धिलाई खण्डीकृत तथ्याङ्कको उपयोग गरी तुलनात्मक रूपमा विश्लेषण र प्रतिवेदन तयार |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | | (ङ) परीक्षाको नतिजाका आधारमा सिकाइका लागि जवाफदेही वृद्धि |
| | ६.३ परीक्षणको नतिजाका आधारमा पृष्ठपोषण र सुधारात्मक सिकाइ | (क) कमजोर उपलब्धि हुने समूहको पहिचान र सुधार<br>(ख) उपलब्धि दर बढाउन तथा कक्षा छाड्ने दरलाई घटाउन विद्यालय र परिवारसमेतको सहभागितामा विशेष सहयोग कार्यक्रम सञ्चालन |
| | ६.४ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन | (क) राष्ट्रिय रूपमा प्रतिनिधित्व हुने गरी आवधिक रूपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन<br>(क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको नतिजाका आधारमा नीति तथा कार्यक्रममा सुधार |
| | ६.५ विद्यार्थी मूल्याङ्कनमा सहयोगी भावना र समूहमा काम गर्ने गुणलाई समावेश | (क) आपसी सहयोग र सहभागितालाई महत्त्व दिने गरी विद्यार्थी रिपोर्ट कार्डमा जनाउने<br>(ख) विद्यार्थीको सहभागिता र प्रगतिमा ध्यान<br>(ग) विद्यालयमा उपलब्ध प्रविधि समेतको उपयोग गरी विद्यार्थी प्रगति विवरण अभिभावक समक्ष प्रवाह गर्ने |

**(छ) विद्यालय सुशासन, व्यवस्थापन तथा नेतृत्वका मापदण्ड**

विद्यालय शिक्षाको गुणस्तरका लागि विद्यालय स्तरमा सुशासन, प्रभावकारी नेतृत्व र व्यवस्थापन महत्त्वपूर्ण हुन्छन्। प्रधानाध्यापक, शिक्षक र विद्यालय प्रशासकको विद्यालयका प्राथमिकता निर्धारण गर्ने, स्रोत साधन प्रभावकारी रूपमा व्यवस्थापन गर्ने र सकारात्मक विद्यालय वातावरण सुनिश्चित गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका रहन्छ। पारदर्शी व्यवस्थापन र दूरदर्शी नेतृत्वले गुणस्तर सुधारका लागि नवप्रवर्तन गर्ने, शिक्षकको विकासलाई प्रेरित गर्ने  र सिकाइ संस्कृतिलाई प्रवर्धन गर्ने गर्छन्। यसमा विद्यालय व्यवस्थापन समितिको नेतृत्व, प्रधानाध्यापकको प्रभावकारी शैक्षिक नेतृत्व, सिकाइ उपलब्धिप्रतिको जवाफदेही, शिक्षण सिकाइमा शिक्षकको समय उच्चतम स्तरमा राख्ने गरी वार्षिक योजना तयार, शिक्षक शिक्षकबिच तथा शिक्षक र अभिभावकबिचको सहकार्यलाई प्रवर्धनजस्ता पक्ष समावेश गरी तिनका सूचक समावेश गरिएको छ ।

**तालिका ७ः विद्यालय सुशासन, व्यवस्थापन तथा नेतृत्वका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| ७. विद्यालय व्यवस्थापन मापदण्डः प्रभावकारी नेतृत्वबाट विद्यालयमा सुशासन कायम र कुशल व्यवस्थापन भएको | ७.१ विद्यालय व्यवस्थापन समितिको नेतृत्व | (क) विद्यालय व्यवस्थापन समितिको सक्रियता<br>(ख) विद्यालय समुदाय सम्बन्धमा सक्रियता<br>(ग) आर्थिकलगायत अन्य स्रोत परिचालन |
| | ७.२ प्रधानाध्यापकमार्फत प्रभावकारी शैक्षिक नेतृत्व | (क) प्रधानाध्यापकको छनोट र नियुक्ति<br>(ग) प्रधानाध्यापकको क्षमता विकास<br>(ख) विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन<br>(घ) शिक्षण सिकाइ योजनाको व्यवस्थापन<br>(ङ) शिक्षण सिकाइको अवलोकन, अनुगमन र पृष्ठपोषण |
| | ७.३ सिकाइ उपलब्धिप्रतिको जवाफदेही | (क) सबैका निमित्त सम्भव भएसम्मको उच्चतम स्तरको सिकाइको अवसर दिने गरी योजना तयार र कार्यान्वयन<br>(ख) विद्यालय र अभिभावकसँगको सहकार्य<br>(ग) स्पष्ट कार्य विवरणसहित जवाफदेही निर्धारण |
| | ७.४ शिक्षण सिकाइमा शिक्षकको समय उच्चतम स्तरमा राख्ने गरी वार्षिक योजना तयार | (क) पाठ्यक्रमको पाठ्यभार पूरा हुने गरी विद्यालय सञ्चालन<br>(ख) नियमित कक्षामा उपस्थित नहुने र सिकाइमा कमजोर रहेका बालबालिकाका लागि लक्षित कार्यक्रम सञ्चालन<br>(ग) सुपरिवेक्षण संयन्त्र |
| | ७.५ शिक्षकबिच तथा अभिभावकसँगको सहकार्यलाई प्रवर्धन | (क) विद्यालयको शैक्षणिक विषयको निर्णय प्रक्रियामा शिक्षक सहभागिता बढाउन विभिन्न संयन्त्र परिचालन र शिक्षकबिचको सहकार्यलाई प्रोत्साहन |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | | (ख) विद्यार्थीको सिकाइका विषयमा विद्यालय र समुदाय तथा विद्यालय र अभिभावकबिचको सहकार्य |

**(ज) समता तथा समावेशिताका मापदण्ड**

गुणस्तरीय शिक्षा प्रणालीले सबै विद्यार्थीलाई सिकाइका लागि समातामूलक अवसर प्रदान गर्नुपर्छ। विद्यार्थीमा लैङ्गिकता, सामाजिक आर्थिक पृष्ठभूमि, जातजातीयता वा क्षमताका कारणले हुने विविधताबिच पनि सबैलाई शिक्षामा समान अवसरका साथै आवश्यकतानुसार भिन्नतामा आधारित शैक्षिक प्रबन्ध गरी समता कायम गर्नुपर्छ। स्रोत र अवसरमा समतामूलक पहुँच प्राप्त नभएका समूहको समावेशिता र समता सुनिश्चित भएको हुनुपर्छ । गुणस्तरका लागि लैङ्गिकता, अपाङ्गता, भौगोलिकता, सहरी ग्रामीण क्षेत्र, भाषिक भिन्नता, आर्थिक तथा सामाजिक विविधताजस्ता कारणले पहुँच र सहभागितामा हुने बाधा हटाई अवसर सुनिश्चित गरिएको हुनुपर्छ। यसैले समता र समावेशितालाई गुणस्तरको महत्त्वपूर्ण मापदण्डका रूपमा लिइएको छ ।

समता तथा समावेशिताका मापदण्डअन्तर्गत प्रारम्भिक बालविकास र विद्यालय शिक्षामा सबैको पहुँचको सुनिश्चितता, निर्धारित उमेर समूहका सबै बालबालिका विद्यालयमा सहभागिताको सुनिश्चितता, विद्यार्थीमैत्री शिक्षण सिकाइ वातावरण, सहभागितामूलक र सहयोगात्मक शिक्षण सिकाइ पद्धति, विद्यार्थीमा सहयोगी भावना र समूहमा काम गर्ने गुणजस्ता पक्ष रहेका छन् ।

**तालिका ८: समता तथा समावेशिताका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| ८. समता तथा समावेशिताका मापदण्डः आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क लागु गरी सबै बालबालिकाको | ८.१ प्रारम्भिक बालविकास शिक्षामा सबैको पहुँचको सुनिश्चितता | (क) बालविकास उमेर समूहका प्रत्येक बालबालिका विद्यालय वा वैकल्पिक कार्यक्रममा सहभागी भएको सुनिश्चितता<br>(ख) बालविकास केन्द्रको पुनर्वितरण, एक विद्यालय कम्तीमा एक बाल विकास केन्द्रको व्यवस्था<br>(ग) बालबालिका कार्यगत सीमितता पहिचान र उपयोग<br>(घ) द्वन्द बाट प्रभावित तथा वैदेशिक रोजगारलगायतका कारण बाबु/आमा गुमाएका सहयोग र संरक्षण आवश्यकता |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| शिक्षाको हक सुनिश्चित भएको | | भएका बालबालिकाहरुको पहिचान र सिकाइ वातावरण विकास<br>(ङ) अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक सिकाइ योजना बनेको र कार्यान्वयन भएको<br>(च) आवश्यक संरचना र जनशक्तिसहित विविधताअनुरूप सबैलाई सेवाको सुनिश्चित गर्ने प्रबन्ध |
| | ८.२ विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालयमा पहुँचको सुनिश्चितता | (क) घरधुरी/पारिवारिक सर्वेक्षण, भर्ना अभियान र अभिभावक सचेतना कार्यक्रम<br>(ख) विद्यालय शिक्षा उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना एवम् निरन्तर सिकाइमा सहभागी<br>(ग) विद्यालयमा कुनै किसिमको जोखिम वा पहुँचबाहिर रहेका वा सिकाइका लागि थप सहयोग उपलब्ध गराउनुपर्ने बालबालिकाको पहिचान र सहयोग<br>(घ) विद्यालय उपस्थितिमा वृद्धि तथा कक्षा छाड्ने दर र कक्षा दोहऱ्याउने दर घटेको |
| | ८.३ शिक्षण सिकाइ वातावरणलाई विद्यार्थीमैत्री बनाएको | (क) विद्यालयका पूर्वाधार संरचना तथा संयन्त्र निर्माण गर्दा विद्यार्थीमैत्री हुने गरी मापदण्ड लागु<br>(ख) विद्यार्थीको रुचि र चाहनाअनुकूल बालबालिकामैत्री सिकाइ सामग्री व्यवस्थापन र प्रयोग<br>(ग) विविधताको सम्मान तथा समता र समावेशिता सुनिश्चित हुने सिकाइ वातावरण सिर्जना |
| | ८.४ शिक्षण सिकाइ पद्धतिलाई सहभागितामूलक र | (क) प्रारम्भिक कक्षामा आपसी सहयोगबाट सिक्ने अवसर दिने गरी सङ्गठन गर्न प्रोत्साहित |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
| --- | --- | --- |
| | सहयोगात्मक बनाउन प्रोत्साहन | |

## (झ) लगानी तथा नीतिगत परिवेशका मापदण्ड

शिक्षाको गुणस्तरका लागि शिक्षामा लगानी के कसरी गर्ने भन्ने स्पष्टताका साथै लगानीलगायत विविध नीतिगत स्पष्टता हुनुपर्छ । लगानी तथा नीतिगत परिवेशका मापदण्डअन्तर्गत आवश्यक लगानीको व्यवस्था, स्वीकृत मापदण्डअनुरूप र विद्यार्थीका आवश्यकता अनुकूल हुने गरी शिक्षकको पुनर्वितरण र व्यवस्थापन, भौतिक सुविधाको विकास र मर्मत सम्भारको योजनाबद्ध कार्यक्रम, अभिभावकको सहयोग परिचालनको स्पष्ट नीति निर्धारण गरिनुपर्छ। गुणस्तरीय शिक्षामा लगानी र नीतिगत परिवेशअन्तर्गत वित्तीय तथा अन्य स्रोतको उपलब्धता र पर्याप्ततासहित वितरणको प्रभावकारिता र न्यायसङ्गतताजस्ता पक्ष समावेश हुन्छन् । यसमा उच्च गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सरकार तथा सम्बन्धित निकायद्वारा विकास गरिने शिक्षाको ढाँचा, मार्गदर्शन र नियमको विकाससमेत महत्त्वपूर्ण हुन्छन् ।

यसमा आवश्यक लगानीको प्रबन्ध, स्वीकृत मापदण्डअनुरूप र विद्यार्थीका आवश्यकताअनुकूल हुने गरी शिक्षकको पुनर्वितरण र व्यवस्थापन, भौतिक सुविधाको विकास तथा मर्मत सम्भारको योजनाबद्ध कार्यक्रम सञ्चालन र अभिभावकको सहयोग परिचालनको स्पष्ट नीति निर्धारणसँग सम्बन्धित सूचक प्रस्तुत गरिएको छ ।

**तालिका ९ः लगानी तथा नीतिगत परिवेशका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
| --- | --- | --- |
| ९. लगानी तथा नीतिगत परिवेशका मापदण्डः समता र गुणस्तरका उद्देश्य लक्षित हुने गरी पर्याप्त स्रोतको परिचालन भएको | ९.१ लगानीको प्रबन्ध | (क) विद्यालय शिक्षामा सार्वजनिक लगानी<br>(ख) उपलब्ध स्रोतको प्रभावकारी परिचालन तथा उपयोग<br>(ग) विद्यालयको आफ्नै स्रोत र अन्य स्रोतबाट प्राप्त सहयोग अधिकतम लाभका लागि परिचालन |
| | ९.२ भौतिक सुविधाको विकास र मर्मत सम्भारको योजनाबद्ध कार्यक्रम सञ्चालन | (क) भौतिक सुविधा विस्तारका लागि स्रोतको परिचालन गर्दा उपयोगको सम्भावना र सुविधाविहीन समूहलाई पुग्ने लाभ जस्ता विषयलाई विशेष प्राथमिकता दिइएको |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | | (ख) उपलब्ध पूर्वाधार र सम्पत्तिको उपयोग, संरक्षण र नियमित मर्मत सम्भारमा स्रोत विनियोजन |

**(ञ) उपलब्धिका मापदण्ड**

विद्यार्थीको उपलब्धि गुणस्तरीय शिक्षाको सबैभन्दा प्रत्यक्ष रूपमा देखिने सूचक हो। यसमा भाषा, गणित, विज्ञानजस्ता विषयका शैक्षिक उपलब्धिलगायत समस्या समाधान, समालोचनात्मक सोच र सिर्जनात्मकता जस्ता संज्ञानात्मक क्षमता समावेश गरिनुपर्छ। यी उपलब्धिको मापन राष्ट्रिय उपलब्धि परीक्षणको नतिजाका आधारमा गरिन्छ। कहिलेकाहीँ सार्वजनिक परीक्षाको नतिजालाई पनि यसमा प्रयोग गर्ने गरिन्छ तापनि यसका लागि स्तरीकृत राष्ट्रिय उपलब्धि परीक्षणको नतिजा उपयुक्त हुने देखिन्छ। त्यसै गरी सामाजिक, भावनात्मक, सांस्कृतिक तथा अन्य व्यवहारकुशल सिपजस्ता गैरसंज्ञानात्मक क्षमता पनि समावेश गरिनुपर्छ। यस्ता क्षमता तथा सोको परीक्षण संज्ञानात्मक क्षमता परीक्षण प्रश्नबाट ठिक ढङ्गले हुन नसक्ने भएकाले विभिन्न वैकल्पिक साधन तथा विधि प्रयोग गर्ने गरिन्छ।

उपलब्धिको अर्को पक्ष भनेको तह पूरा गर्ने वा उत्तीर्ण हुने दर हो भने यसमा कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दरलाई पनि उपलब्धिको पक्षका रूपमा लिने गरिन्छ। तह पूरा गर्ने वा उत्तीर्ण दर वृद्धि र कक्षा दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर न्यून हुने आधारमा गुणस्तरको व्याख्या गरिन्छ।

**तालिका १०: उपलब्धिका मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचक**

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| १०. उपलब्धिका मापदण्डः संज्ञानात्मक तथा गैरसंज्ञानात्मक उपलब्धिका लक्ष्य निर्धारण गर्दै उच्चतम उपलब्धि प्राप्त भएको | १०.१ शैक्षिक उपलब्धि (संज्ञानात्मक) को प्राप्ति | (क) विभिन्न तहमा आवधिक रूपमा राष्ट्रिय उपलब्धि परीक्षण<br>(ख) उपलब्धि परीक्षणको नतिजाअनुसा कक्षा पाँचको नेपाली, गणित, अङ्ग्रेजी र विज्ञान तथा प्रविधि विषयमा आधारभूत तहभन्दा माथिको सक्षमता हासिल गर्ने विद्यार्थीको प्रतिशत<br>(ग) उपलब्धि परीक्षणको नतिजाअनुसार कक्षा आठको नेपाली, गणित, अङ्ग्रेजी र विज्ञान तथा प्रविधि विषयमा आधारभूत स्तरभन्दा माथिको सक्षमता हासिल गर्ने विद्यार्थीको प्रतिशत<br>(घ) उपलब्धि परीक्षणको नतिजाअनुसार कक्षा दशको नेपाली, गणित, अङ्ग्रेजी र विज्ञान तथा |

| मापदण्डका क्षेत्र | मापदण्डका उपक्षेत्र | सूचक |
|---|---|---|
| | | प्रविधि विषयमा आधारभूत स्तरभन्दा माथिको सक्षमता हासिल गर्ने विद्यार्थीको प्रतिशत |
| | १०.२ तह पूरा गर्ने दरमा सुधार भएको | (क) आधारभूत र माध्यमिक तहको खुद भर्ना दर<br>(ख) कुल र विभिन्न समूहको आधारभूत तह पूरा गर्ने दर<br>(ग) कुल र विभिन्न समूहको माध्यमिक तह पूरा गर्ने दर<br>(घ) कक्षा १ मा कक्षा छोड्ने दरमा कमी र दोहोऱ्याउने दरमा कमी |
| | १०.३ गैरसंज्ञानात्मक उपलब्धि हासिल भएको | (क) स्वव्यवस्थापन तथा आत्मबल<br>(ख) साथीहरूसँग सहयोग र सहकार्य गर्ने, सञ्चार गर्ने, सामाजिक जिम्मेवारी लिने, नेतृत्व सिपजस्ता अन्तरवैयक्तिक सिप<br>(ग) रैथाने सिप, स्थानीय संस्कृति, मूल्यमान्यता, स्थानीय स्रोतसाधनको प्रयोग, नैतिकता, सामाजिक गुण, सामुदायिक कार्य आदि<br>(घ) लोकतान्त्रिक विचार निर्माण सहकार्य र जिम्मेवार नागरिक सिप, सहनशीलता र खुलापन, विविधताको सम्मान |

## ७. विद्यालय शिक्षामा गुणस्तरको मापदण्डको प्रयोग

विद्यालय शिक्षामा गुणस्तर मापदण्डको प्रयोग मूलतः दुई उद्देश्यले गर्न सकिन्छ । पहिलो, सुधारात्मक कार्यका लागि मार्गनिर्देश गर्ने र दोस्रो, सम्पादित कार्य र नतिजाप्रति उत्तरदायित्व सिर्जना गर्ने गरी परीक्षण तथा मूल्याङ्कन गरी सुधारका प्राथमिकता निर्धारण गर्न ।

**सुधारात्मक कार्यका लागि मार्गदर्शन गर्न मापदण्डको प्रयोग**

(क) यसले शिक्षाको गुणस्तरबारे भिन्न भिन्न दृष्टिकोण राख्ने गरेको सन्दर्भमा बृहत् रूपमा यसलाई बुझ्न र आफ्नो कार्यक्षेत्रमा यसको उपादेयताबारे छलफलगर्ने आधार प्रदान गर्न सक्ने देखिन्छ।

(ख) मापदण्डबाट अपेक्षा गरिएको स्तरको स्पष्ट जानकारी हुने भएकाले आफ्ना वर्तमानमा अपनाइएका प्रक्रिया र गरिएका अभ्यास तथा व्यवहारलाई सुधार गर्न र अझ उन्नत स्तरमा पुऱ्याउन यसले उत्प्रेरकको रूपमा एवम् मार्गदर्शकका रूपमा सघाउने आशा गर्न सकिन्छ।

(ग) यसले शिक्षा पद्धतिमा गुणस्तरप्रतिको सचेतताले विकासमा सहयोग गर्ने भएकाले यसबाट शैक्षिक व्यवस्थापनका विभिन्न विषयमा नीति निर्माण र निर्णय गर्दा गुणस्तरकेन्द्रित दृष्टिकोणले प्राथमिकता पाउन सहयोग पुग्छ। यस्तो सचेतताले हरेक निर्णय गर्दा सो निर्णयबाट गुणस्तर सुधारमा के कसरी योगदान पुग्छ वा पुग्दैन, वा गुणस्तरमा कतै नकारात्मक प्रभाव पो पर्छ कि भनेर थप सजगता अपनाउन मद्दत गर्न सक्छ। यस्तो निर्णय विभिन्न तहमा हुन सक्छ । ठुलो क्षेत्रको (जस्तैः सङ्घीय, प्रदेशस्तरीय वा स्थानीय तहस्तरीय) शैक्षिक कार्यक्रमलाई प्रभावित पार्ने नीतिको सन्दर्भ पनि हुन सक्छ वा एउटा कक्षाकोठामा रहेका विद्यार्थीलाई समूहमा बाँड्ने जस्तो विशिष्टीकृत काममा गरिने निर्णयमा पनि हुन सक्छ। मापदण्डको प्रयोगले विभिन्न तहमा गुणस्तरको लक्ष्यप्रति सम्बन्धित निकाय वा जिम्मेवार व्यक्तिलाई निरन्तर सजग र क्रियाशील बनाउन सहयोग गर्न सक्छ भने नीति, कार्यक्रम र लगानीका प्राथमिकता निर्धारण गर्ने आधार प्रदान गरी योजना निर्माणलाई सहयोग पुग्छ ।

(घ) विद्यालय सुधारको थालनी विद्यालयभित्रको प्रयासबाट हुनुपर्छ भन्ने दृष्टिकोणलाई मान्ने हो भने यसको सुरुआत कोबाट हुन्छ? कसले यसलाई दिशा र गति दिन्छ? यसप्रति लाग्ने प्रेरणा, निरन्तर प्रयत्न गर्ने ऊर्जा र क्रियाशीलता कताबाट प्राप्त हुन्छ? भन्ने प्रश्न निकै महत्त्वपूर्ण छन् । यसका लागि व्यक्तिभित्रको चेतना, ऊर्जा र उत्प्रेरणाले एक तहमा काम गरे पनि यसमा सहयोगी नीतिगत र वातावरणीय परिवेशले व्यक्ति र समूहबाट हुने यस्ता प्रयत्नमा निरन्तर ऊर्जाको प्रवाह गर्न मदत गर्न सक्छ। यस सन्दर्भमा केही सुधार गर्ने चाहना र क्रियाशीलतालाई बाटो देखाउने प्रयोजनमा यो मापदण्ड सहयोगी हुन सक्छ ।

(ङ) कारखानामा वस्तुको उत्पादनको सन्दर्भमा तोकिएको मापदण्ड पूरा नगर्ने वस्तु खेर गएको अर्थमा मिल्काइने र त्यसलाई लागतको तुलनामा न्यून उत्पादन भएर अकुशल प्रक्रियाका अर्थमा व्याख्या गरिन्छ। शिक्षा सेवाको सन्दर्भमा यो व्याख्या पर्याप्त छैन । व्यक्तिको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने, सामाजिकीकरण तथा नागरिकताको विकास गर्ने जस्ता बृहत् उद्देश्य राखे शिक्षाको प्रक्रियालाई सुधार गर्न अन्तमा गरिने'गुणस्तर नियन्त्रणको प्रयत्न अपर्याप्त हुन्छ। शिक्षाको सन्दर्भमा अन्तमा गरिने नियन्त्रण पर्याप्त हुन्न र सुरुदेखि नै प्रणालीगत सुधार, गुणस्तर सुनिश्चितताका उपायको पहिचान र उपयोग गर्नुपर्छ। यस मापदण्डको प्रयोगले त्यसतर्फ लाग्न र समग्र प्रणालीगत सुधार गर्न मार्गनिर्देश गर्न सक्छ।

**सम्पादित कार्य र नतिजाको परीक्षण तथा मूल्याङ्कन गरी जवाफदेहीका लागि मापदण्डको प्रयोग**

यस मापदण्डको अर्को प्रयोग भनेको कार्यसम्पादन स्तरको मापन र परीक्षण हो। यस मापदण्डले परीक्षण साधन निर्माणका लागि ठोस आधार प्रदान गर्न सक्छ। परीक्षणले मापदण्डको सारलाई कार्यरूपमा उतार्न प्रेरित गर्छ, आदर्शलाई व्यवहारमा रूपान्तरण गर्ने आधार दिन्छ र कार्यान्वयन सुनिश्चितताको आधार प्रदान गर्छ। मापन गरिने विषयप्रति चासो बढ्छ, आशा गरिन्छ र यसले उत्प्रेरकको काम पनि गर्न सक्छ। यसको नकारात्मक पाटो पनि छ। जति धेरै परीक्षण माथिको निर्भरता बढछ, त्यति नै त्यसलाई छल्ने, अवाञ्छित रूपमा चलखेल गर्ने र मूल उद्देश्यभन्दा पर,

यान्त्रिक रूपमा तोकेको सर्त पूरा गरेको देखाउने प्रवृत्ति बढ्ने जोखिम रहन्छ। काम हुने तहबाट जति टाढाबाट परीक्षण हुन्छ, यस्तो चलखेलको सम्भावना झन् बढी हुन सक्छ। स्थानीय परिवेशमा परीक्षण हुने हो र अनपेक्षित परिणाम भोग्नुपर्ने अवस्था नआउँदै सामूहिक छलफल गरेर समस्याको पहिचानमा यसको प्रयोग हुने हो भने यसले सकारात्मक रूपमा योगदान दिन सक्छ। नीतिगत सुधारको उद्देश्य प्राप्तिको अवस्थाबारे बोध गर्ने गरी परीक्षण गर्दा नतिजालाई अवाञ्छित रूपमा प्रभावित गर्ने वा दुरुपयोग गर्न प्रेरित हुने अवस्था कम हुन सक्छ। अन्यथा अपेक्षा गरेभन्दा विपरीत प्रभाव पनि ल्याउन सक्छ। यसका सीमा भए पनि मापदण्डको कार्यान्वयनको सवालमा मापन र परीक्षण एउटा महत्त्वपूर्ण पाटो हो। त्यसैले यस्तो परीक्षण सञ्चालन गर्दा परीक्षणको सीमितताको बारेमा उचित ध्यान दिएर साधनको निर्माण र उपयोग गर्नुपर्छ।

## ८. विभिन्न तहमा मापदण्डको प्रयोग गर्ने तरिका तथा जिम्मेवारी

यो मापदण्डको प्रयोग मूलतः दुई तरिकाले गर्न सकिन्छ। पहिलो, विद्यालय शिक्षामा सुधार तथा विकास गरी गुणस्तर अभिवृद्धि गर्ने योजना निर्माणको आधारका रूपमा प्रयोग गर्न सकिन्छ ।दोस्रो, शिक्षा प्रणालीका विविध पक्षको लेखाजोखाका आधारमा गुणस्तरको अवस्थाको मूल्याङ्कन गरी सुधारका प्राथमिकता निर्धारण गर्ने कार्यमा मापदण्डको प्रयोग गर्न सकिन्छ । यसलाई सङ्घीय तहले विद्यालय शिक्षाको समग्र गुणस्तर मापन गर्न र राष्ट्रिय स्तरमा शिक्षा विकास योजनाका प्राथमिकता निर्धारणका लागि प्रयोग गर्न सक्छ भने प्रदेश, स्थानीय तह तथा विद्यालयले आआफ्नो क्षेत्रको गुणस्तरको अवस्था पहिचान गर्ने र आआफ्नो कार्यक्षेत्रमा सुधारका प्राथमिकता निर्धारण गरी गुणस्तर सुधारका कार्य सञ्चालन गर्न सक्छन्।

यस मापदण्डले सङ्घीय तह, प्रदेश, स्थानीय तह र विद्यालयले आआफ्नो कार्यक्षेत्रमा पर्ने मापदण्ड र तिनका उपक्षेत्र तथा सूचकका आधारमा गुणस्तरका लागि सम्बन्धित तहले गर्नुपर्ने कार्य तथा तिनका प्राथमिकता पहिचान गर्न सहयोग गर्छ। यी मापदण्ड तथा सूचकको आधारमा गुणस्तर मापन गर्नका लागि मापदण्डका क्षेत्र तथा उपक्षेत्रको अवस्था जनाउने सूचकलाई सङ्घीय तहदेखि विद्यालय तहसम्म कार्य क्षेत्रका आधारमा छुट्याउनुपर्छ । यसमा कतियय सूचक कुनै निश्चित तह वा निकायसँग मात्र सम्बन्धित हुन सक्छन् भने कतियप सूचक एकभन्दा बढी सबै तहसँग सम्बन्धित पनि हुन सक्छन्। जे भए पनि राष्ट्रिय रूपमा शिक्षाको समग्र गुणस्तर आकलन गर्नका लागि विभिन्न तह वा निकायबाट सूचना तथा तथ्याङ्क प्राप्त गरी मापदण्डका सबैजसो क्षेत्र, उपक्षेत्र र सूचकको लेखाजोखा गर्नु आवश्यक हुन्छ।

यसअनुसार विभिन्न तह तथा निकायले यो मापदण्डको प्रयोग गर्नका लागि मापदण्डका क्षेत्र, उपक्षेत्र र सूचकका विभिन्न स्तरका व्याख्या अनुकूल हुने गरी सूचक मापनका लागि साधन विकास गर्नुपर्ने हुन्छ। ती साधनले सूचना तथा तथ्याङ्कको स्रोत, प्राप्त गर्ने विधि तथा प्रक्रिया पनि स्पष्ट गर्नुपर्छ भने मापनका आधारलाई थप स्पष्ट गरी विशिष्ट बनाउनुपर्ने हुन्छ ।यस क्रममा प्रदेश, स्थानीय तह र विद्यालयले सम्बन्धित तहले प्रयोग गर्ने सूचकमा आवश्यक समायोजन गरी साधन विकास गर्न

सक्ने छन् भने सङ्घीय तहले यसमा समाविष्ट सूचक तथा सूचक मापनका आधारअनुरूप नै साधन विकास गरी गुणस्तरको अवस्था पहिचान गर्ने र सुधारका रणनीति विकासमा सहयोग गर्नुपर्छ । विभिन्न तहमा मापदण्डको प्रयोग गर्ने केही तरिका तथा जिम्मेवारी तलको तालिकामा दिइएको छः

| **प्रयोग गर्ने तह** | **केका निमित्त** | **कसरी** | **कसको जिम्मेवारी** |
|---|---|---|---|
| विद्यालय | विद्यालय सुधार गर्ने उद्देश्यका साथ | विद्यालय सुधार योजना निर्माण, शिक्षकको पेसागत विकास, उत्प्रेरणा तथा उत्तरदायित्वमा सुधार गर्नका लागि विद्यालयले स्वपरीक्षण वा बाह्य निकाय वा व्यक्तिले परीक्षण गर्ने एवम् सुधार कार्य सञ्चालन गर्ने | विधालय व्यवस्थापन समिति, प्रधानाध्यापक |
| स्थानीय तह | विद्यालयको न्यूनतम पूर्वाधार र उपलब्धि सुनिश्चित गर्न | विद्यालयले स्वपरीक्षण वा बाह्य निकाय वा व्यक्तिले परीक्षण गरी सोका आधारमा निम्नलिखित कार्यमा पृष्ठपोषण प्राप्त हुन्छः<br>- स्रोतको विनियोजनको निर्णयमा<br>- पेसागत सहायताको कार्यक्रम कार्यान्वयन<br>- उपलब्धिको अनुगमन र उत्तरदायित्वको प्रबन्ध गर्न | राजनीतिक नेतृत्व, शिक्षा विभाग/महाशाखा/ शाखा |
| प्रदेश तह | शिक्षक पेसागत विकास, विशेष विद्यालय र प्राविधिकलगायत विशिष्ट सेवा दिने विद्यालयको सुधार लक्षित कार्यक्रम सञ्चालन | परीक्षण नतिजाले प्रदेश तहले निम्नलिखित कार्यमा पृष्ठपोषण प्राप्त हुन्छः<br>- स्रोतको विनियोजनको निर्णयमा<br>- पेसागत सहायताको कार्यक्रम कार्यान्वयनमा<br>- उपलब्धिको अनुगमन र उत्तरदायित्वको प्रबन्ध गर्न | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, निर्देशनालय/ शिक्षा तालिम केन्द्र |

| प्रयोग गर्ने तह | केका निमित्त | कसरी | कसको जिम्मेवारी |
|---|---|---|---|
| सङ्घीय तह | विद्यालय तहको शिक्षाका नीति, कार्यक्रम तथा लगानीका प्राथमिकता निर्धारण गरी गुणस्तर सुधार लक्षित कार्यक्रम विकास तथा सञ्चालन | गुणस्तरका मापदण्डको परीक्षणका आधारमा समग्र विद्यालय प्रणालीको सुधारका लागि पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । जस्तैः<br>- नीतिगत तथा कार्यक्रमिक प्राथमिकता निर्धारण<br>- लगानीका प्राथमिकता निर्धारण<br>- विद्यालय शिक्षाका विविध पक्षमा रणनीति तर्जुमा गर्न<br>- पाठ्यक्रम सुधारको एउटा आधारका रूपमा<br>- शिक्षक तयारी तथा विकासका नीति तथा कार्यक्रम विकास<br>- विद्यालय शिक्षाको गुणस्तरको परीक्षण र यससम्बन्धी अनुसन्धान | शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |

## ९. कार्यान्वयन संयन्त्र तथा बजेट

विद्यमान शिक्षा पद्धति, सङ्घ, प्रदेश, स्थानीय तह एवम् विद्यालय तहसम्मका सङ्गठन संरचनाबाट यसको कार्यान्वयन हुने छ। विद्यालय क्षेत्रसम्बद्ध स्वीकृत योजना, कार्यक्रम एवम् वार्षिक विनियोजित बजेटबाटै यस मापदण्डको कार्यान्वयन गरिने छ।